आ.व. ०७८।०७९
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख सन्तोष लाल श्रेष्ठ

वैठक नं. ०४।०७८।०७९
मितिः-२०७९।२।२७ गते
स्थानः- ता.न.पा सभाहल
समयः- दिउसो ११.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री सन्तोष लाल श्रेष्ठ ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य | |
| श्री सुनिल कुमार वस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य | |
| श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य | |
| श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य | |
| श्री राम वहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री यादव सिंह कार्की | वडा अध्यक्ष | ता.न.पा.११ | सदस्य | |
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री शोभाखर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य | |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य | |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य | |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य | |

CS CamScanner

| | | | |
|---|---|---|---|
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री पिताम्वर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |

CamScanner

**निर्णय नं. १**

तानसेन नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम कार्यपालिकामा प्रस्तुत भै छलफल भयो । नगर कार्यपालिकाका पदाधिकारीज्यूहरुबाट प्राप्त सुझावहरु समावेश गरी पारित गर्न एघारौ नगरसभामा पेश गर्ने निर्णय गरियो । साथै बजेट अनुमान, बजेट सिलिङ्ग र मार्गदर्शनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तानसेन नगर कार्यपालिकाको कार्यालयबाट हाल तोकिएका कार्यहरु समेत गर्नेगरी वडास्तरमा सचिवको रुपमा कार्यगर्न निम्नानुसारका कर्मचारी खटाउने र निजहरुलाई प्रोत्साहन स्वरुप हाल पाएको सेवा सुविधाको अतिरिक्त थप रकम रु.२५००।- (अक्षेरुपी दुई हजार पाँच सय मात्र) प्रदान गर्ने निर्णय गरियो । साथै तोकिएको कामको अलावा अन्य कर्मचारीलाई समेत थप जिम्मेवारी प्रदान गरिएमा सोही अनुसारको सुविधा प्रदान गर्ने निर्णय गरियो ।

<u>निम्न:</u>

| सि.नं. नाम थर | कार्यरत पद | तोकिएको वडा |
|---|---|---|
| १. सरोज काम्मु | असिस्टेण्ट सब इन्जिनियर, ता.न.पा (सहायक स्तर चौथो) | वडा न.. १ |
| २ चिना न्यौपाने | सहायक स्तर चौथौ | वडा नं. ४ |
| ३. विशाल ओली | असिस्टेण्ट सब इन्जिनियर, ता.न.पा (सहायक स्तर चौथो) | वडा नं. ६ |
| ४ शिव बहादुर थापा | सिनियर अ.हे.व. (अधिकृतस्तर छैठौं) | वडा नं. १३ |

**निर्णय नं. ३**

तानसेन नगरपालिका वडा नं. १० को बृन्दाबन नजिक रहेको पुलको किनार भासिदा सडक आवागमन अवरुद्ध भएकोले उक्त स्थानमा ग्याभियन जाली लगाउने कार्यको लागि नगर विकास योजनाको विपद व्यवस्थापन कोष शिर्षकबाट रकम रु.१०००००।- (अक्षेरुपी एक लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कार्यपालिकामा पेश भएको तानसेन नगरपालिकाको कर्मचारी सेवा विधेयक २०७९ को मस्यौदालाई प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशमा राय परामर्शको लागि लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिका वडा नं. ११ का वडा अध्यक्ष श्री यादव सिंह कार्कीलाई नगर प्रवक्ता मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन नगरपालिका नगर प्रमुखज्यूको सचिवालय व्यवस्थापनको लागि एक जना सचिव र कार्यालय भित्रैबाट कम्प्युटर अपरेटर लगायतका जनशक्तिको व्यवस्था गर्ने निर्णय गरियो ।

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

नगर प्रमुख

निर्णय नं. ७

बुद्ध जयन्ती मूल समारोह समितिलाई साविकमा गरिएको निर्णय बमोजिमको रकम प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

निलसागर सेवा आश्रममा राखिएका विरामीहरुको खानपान लागायतका कार्यको लागि नगर विकास योजनाको सुरक्षित आवास शीर्षकबाट रकम रु.१००००० (अक्षेरुपी एक लाख रुपैया मात्र) प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

सी.वि.आर.पाल्पामा राखिएका अपाङ्गता बच्चाहरुको लागि नगर विकास योजनाको सुरक्षित आवास शिर्षकबाट रकम रु.१००००० (अक्षेरुपी एक लाख मात्र) प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

तानसेन नगरपालिबाट प्रदेश समपुरक योजनाको लागि सिफारिस गरिएको पोलधारा आपटारी नमूना टोल हुँदै धुबघाट सडक योजनालाई संसोधन गरी वातावरण तथा अपाङ्गमैत्री सभाहल एवं परिसर निर्माण योजना छनौट गरी सिफारिस गर्ने निर्णय गरियो ।

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख